नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-८८ दायर मितिः-२०८१/०५/१९**

**फैसला मितिः-२०८१/०५/१९**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्रहरी प्रतिवेदनले** | **जिल्ला पर्सा पटेर्वा सुगौली गा.पा. वडा नं. १ सोनवर्षा टोल बस्ने** |
| **नेपाल सरकार..........................१** | **तपा महतोको छोरा वर्ष ३३ को मिथुन महतो थारु.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका भरत राय समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।०३ अं. २१:३० बजेको समयमा जिल्ला पर्सा सखुवा प्रसौनि गा.पा. वडा न. २ रामभौरी टोल स्थित सडक खण्डमा खटिएको प्रहरी टोलीले प्रतिवादी मिथुन महतो थारुले मादक पदार्थ सेवन गरी सार्बजनिक सडक खण्डमा हो-हल्ला तथा अनाबश्यक हरकत गर्दै हिड-डुल गरिरहेरको अवस्थमा फेला परेकोमा सो स्थानमा निजलाई रोकी सोधपुछ तथा सम्झाई बुझाई गरी तपाई आफ्नो घर तर्फ जानुस भन्दा निज नमानि उल्टै डिउटीमा खटीएको प्रहरी टोलीसंग बादबिबाद गर्दै बिभिन्न किसिमको अपशब्द प्रयोग गरी गालि गलौज गर्दै प्रहरी टोलीलाई हातपात गर्दै प्रहरी टोली डिउटी खटीएको प्र.२-०३-०२० प. ६५२६ नम्बरको होन्डा साईन मोटरसाईकलको ट्याङकि समेत कुच्याई अभद्र ब्यबहार गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी मिथुन महतो थारुलाई कैद दिन १६ र जरिवाना रु.४०००/- अक्षरेपी चार हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी मिथुन महतो थारुलाई ठहरेको कैद दिन १६ को हकमा निज मिति २०८१/०५/०३ देखि २०८१/०५/१८ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.४०००/- असुल उपर गर्नु-----१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ भाद्र महिना १९ गते बुधवार रोज ४/ ने.सं. ११४४ ञलाथ्व पारु, शुभम् ........